# स्थानीय राजपत्र

खण्डः २ कीर्तिपुर, बैशााख २५ गते, २०७६ साल संख्या १७

**भाग-२**

**कीर्तिपुर नगरपालिका**


**संवत २०७६ सालको निर्देशिका नं. १७**

## असहाय, विपन्न तथा न्यून आय उपचार तथा सहयोग सम्वन्धी कार्यविधि, २०७५

प्रस्तावनाः

कीर्तिपुर नगरपालिकामा स्थायी बसोबास गरेका असहाय, विपन्न तथा न्यून आय भएका आम नागरिकको अत्यावश्यक स्वास्थ्य उपचारमा पहुँच पुर्‍याई स्वास्थ्य सेवामा आवश्यक सुविधा पु-याउने हेतुले कीर्तिपुर नगरकार्यपालिकाले यो **असहाय, विपन्न तथा न्यून आय उपचार तथा सहयोग सम्वन्धी कार्यविधि** – २०७५ तयार गरिएको छ ।

### <u>परिच्छेद १</u>

### सक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको **असहाय, विपन्न तथा न्यून आय उपचार तथा सहयोग सम्वन्धी कार्यविधि** २०७५ रहनेछ ।

१.२ कार्यविधि स्वीकृत भए पश्चात लक्षित वर्गमा तोकिएको वर्षबाट यो कार्यविधि कार्यान्वयनमा आउनेछ ।

१.३ यो कार्यविधि कीर्तिपुर नगरपालिकाको हकमा लागु हुनेछ ।

## परिच्छेद २

## परिभाषा र व्याख्या

विषय र प्रसंगले अर्को अर्थ नलागेमाः

२.१ ' नगरपालिका ' भन्नाले कीर्तिपुर नगरपालिका जनाँउछ ।

२.२ 'संस्था' भन्नाले स्वास्थ्य संस्थाहरुलाई जनाँउछ ।

२.३ विरामी भन्नाले स्वास्थ्य उपचारका लागि संस्थामा उपचारका लागि लग्नु पर्ने व्यक्ति बुझाउछ ।

२.४ असहाय भन्नाले नगरपालिकामा बसोबास गरेका बेसहारा, टुहुरा, घर ठेगाना पत्ता नलागेका, आम्दानी नभएको ब्यक्तिलाई जनाउछ ।

२.५ विपन्न भन्नाले नगरपालिकाले तोकेको न्यून आय भएको स्थानीय बासीलाई जनाउछ ।

२.५ 'कार्यविधि ' भन्नाले असहाय, विपन्न तथा न्यून आय उपचार तथा सहयोग सम्वन्धी कार्यविधि २०७५ लाई जनाँउछ ।

२.६ 'शाखा भन्नाले नगरपालिकाको स्वास्थ्य शाखालाई जनाँउछ ।

२.७ 'उपचार सहयोग' भन्नाले तोकिएको आधारमा छनौट भएका असहाय, विपन्न तथा न्यून आय भएका ब्यक्तिहरुका लागि उपलब्ध गरिएको उपचार सहयोग रकमलाई जनाउँछ ।

## परिच्छेद ३

३. असहाय, विपन्न तथा न्यून आय उपचार तथा सहयोग सम्वन्धी कार्यविधिका उद्देश्यहरुः

३.१ यस कार्यविधि उद्देश्यहरु देहाय अनुसार रहेको छः

(क) कीर्तिपुर नगरपालिकामा बसोबास गरेका असहाय, विपन्न तथा न्यून आय भएका नागरिकको अत्यावश्यक स्वास्थ्य सेवामा पहूँच पु-याउने

(ख) नगरपालिकामा बसोबास गरेका असहाय, बेसहारा, टुहुरा, घर ठेगाना पत्ता नलागेका, आम्दानी नभएको ब्यक्तिको अत्यावश्यक स्वास्थ्य सेवामा पहूँच पु-याउने

(ग) नगरपालिकाभित्र हुनेगरेका दूर्घटना तथा बेवारिशे बिरामीहरुको अत्यावश्यक स्वास्थ्य सेवामा पहूँच पु-याउने

(घ) असहाय, बेसहारा, टुहुरा, घर ठेगाना पत्ता नलागेका, आम्दानी नभएको ब्यक्तिको अत्यावश्यक स्वास्थ्य सेवामा पहूँच पुर्‍याउन आन्तरिक तथा बाह्य (बैदेशिक समेत)  सहयोग जुटाउनका लागि आवश्यक काम गर्ने।

## परिच्छेद ४

४.१ असहाय, बेसहारा, टुहुरा, घर ठेगाना पत्ता नलागेका, विपन्न तथा आम्दानी नभएको ब्यक्तिको अत्यावश्यक स्वास्थ्य सेवामा पहूँच सम्बन्धी व्यवस्थाः

४.१.१ नगरपालिकाले आवश्यक प्रक्रिया पु-याई आफ्नै शाखा तथा उपशाखा वा वडा कार्यालयमार्फत असहाय, बेसहारा, टुहुरा, घर ठेगाना पत्ता नलागेका, विपन्न तथा आम्दानी नभएको ब्यक्तिको पहिचान गर्ने।

४.१.२ दूर्घटना तथा बेवारिशे बिरामीहरुको हकमा प्रहरी प्रतिवेदनको आधारमा पहिचान गर्ने।

४.१.३ असहाय, बेसहारा, टुहुरा, घर ठेगाना पत्ता नलागेका, विपन्न तथा आम्दानी नभएको ब्यक्ति तथा दूर्घटना तथा बेवारिशे बिरामीहरुको उपचारमा संलग्न तोकेको स्वास्थ्य संस्थालाई  शोधभर्ना गर्ने।

## परिच्छेद ५

### विविध

४.१.४. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरू यसै कार्यविधि बमोजिम हुने र यसमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

४.१.५. बाधा अड्काउ फुकाउः यस कार्यविधि कार्यान्वयनमा कुनै वाधा अड्चन आएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

४.१.६. संशोधन तथा खारेजीः यो कार्यविधिको संशोधन वा कुनै नियम खारेजी गर्नु परेमा कार्यपालिकाले निर्णय गरी आवश्यक संशोधन गर्न सक्नेछ ।

प्रमाणिकरण मितिः- २०७६/०१/२५

आज्ञाले
(ध्रुवराज आचार्य)
प्रमुख प्रशासकीय अधिकृत